नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४

चलानी नं. ५९

मितिः २०८३/०४/२९

विषयः कन्सुलर प्रमाणीकरणको अनलाईन आवेदन प्रणाली (**NEATS**) सञ्चालन सम्बन्धी सूचना सम्वन्धमा ।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)

प्रस्तुत विषयमा कन्सुलर सेवा विभागको प.सं. २०८३/०८४, च.नं. CSCADAM/३८८ मिति २०८३/०४/२८ को कन्सुलर प्रमाणीकरणको अनलाईन आवेदन प्रणाली (**NEATS**) सञ्चालन सम्बन्धी सूचनाको छायाँ प्रति यसैसाथ संलग्न राखी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा अनुरोध छ ।

(मुक्तिनाथ सुवेदी)

उपसचिव

<u>बोधार्थ:</u>

श्री कन्सुलर सेवा विभाग, काठमाडौं ।

श्री सूचना प्रविधि शाखाः सबै स्थानीय तहमा ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेबसाईटमा समेत अपलोड गरिदिनु हुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.-४२००५११/४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेबसाईट:- www.mofaga.gov.np

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
# कन्सुलर सेवा विभाग
काठमाडौं

प.सं.:०८३/८४
च.नं.CSCADM/३८८

मिति::२०८३।०४।२८
नेपाल संवत् ११४६

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं।

विषयः जानकारी गराइदिने सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा स्थानीय तहहरुबाट जारी हुने सिफारिस पत्र तथा कागजातहरु विदेशको प्रयोजनको लागि यस कन्सुलर सेवा विभागबाट प्रमाणीकरण हुँदै आएको व्यहोरा विदितै छ। धेरै संख्यामा नेपालीहरु विदेशमा रहेका र विदेश जानेको संख्या पनि दैनिक रुपमा बढिरहेको सन्दर्भमा कागजात प्रमाणीकरणका लागि विभागमा आउने सेवाग्राहीको संख्यासमेत बढिरहेको अवस्थालाई मध्यनजर गर्दै कागजात प्रमाणीकरणलाई व्यवस्थित र विश्वसनीय बनाउन, साथै, कागजातको भाषा, ढाँचा र विषयवस्तु नमिलेका कारण कागजात प्रमाणीकरण हुन नसकि सेवाग्राहीलाई फर्काउनु पर्ने बाध्यता हटाउन यस कन्सुलर सेवा विभागले कागजात प्रमाणीकरण (Consular Attestation) सेवाका लागि मिति २७ साउन २०८३ (१२ अगस्ट २०२६) देखि Nepal e-Attestation System (NEATS) मार्फत अनलाइन आवेदन गर्न सकिने व्यवस्था गरिएको छ।

उल्लिखित व्यवस्था अनुरुप कागजात प्रमाणीकरणका लागि १ भदौ २०८३ (१७ अगस्ट २०२६) देखि सेवाग्राहीले अनिवार्य रुपमा कन्सुलर सेवा विभागको वेभसाइटमा रहेको NEATS प्रणालीमार्फत अनलाइन आवेदन गरी उक्त प्रणालीमा अपलोड गरिएका कागजात सहित आवेदन स्वीकृत (Approved) भएपछि मात्र तोकिएको राजस्व बुझाई आफ्नो अपोइन्टमेन्टको मिति र समयमा सक्कल कागजातसहित विभागमा आउने सेवाग्राहीको कागजात प्रमाणीकरण हुने भएकोले सबै स्थानीय तहहरुबाट सोही जानकारी सम्बन्धित सेवाग्राहीहरुलाई गराउने हेतुले परिपत्र गरिदिने व्यवस्थाका लागि अनुरोध छ। यस सम्बन्धमा विभागबाट जारी सूचना समेत यसैसाथ संलग्न छ।

(सुजना अर्याल)
निर्देशक

बोधार्थः
श्री परराष्ट्र मन्त्रालय
सिंहदरबार।

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
कन्सुलर सेवा विभाग

# कन्सुलर प्रमाणीकरणको अनलाइन आवेदन प्रणाली (NEATS) सञ्चालन सम्बन्धी सूचना

कन्सुलर सेवा विभागबाट प्रदान गरिँदै आएको कागजात प्रमाणीकरण (Consular Attestation) सेवाका लागि आज मिति २७ साउन २०८३ (१२ अगस्ट २०२६) देखि Nepal e-Attestation System (NEATS) मार्फत अनलाइन आवेदन गर्न सकिने व्यवस्था गरिएको छ।

कागजात प्रमाणीकरणका लागि १ भदौ २०८३ (१७ अगस्ट २०२६) देखि सेवाग्राहीले अनिवार्य रुपमा NEATS प्रणालीमार्फत अनलाइन आवेदन गरी प्रणालीमा अपलोड गरिएका कागजात सहित आवेदन स्वीकृत (Approved) भएपछि मात्र तोकिएको राजस्व बुझाई आफ्नो अपोइन्टमेन्टको मिति र समयमा सक्कल कागजातसहित प्रमाणीकरणका लागि विभागमा उपस्थित हुनुपर्नेछ।

**अनलाइन आवेदन तथा अपोइन्टमेन्टका लागि:**
**https://doc.nepalconsular.gov.np/**

कन्सुलर सेवा विभाग
त्रिपुरेश्वर, काठमाडौं।
२०८३/०४/२७

फोन नं.: ५३६०१०८, ५३६०१२१, फ्याक्स नं.: ००९७७-१-५३६०११४